*अध्याय दस*

# पोखरेली एफएममा सार्वजनिक डबलीको खोजी

**शेखर पराजुली**

पोखरामा २०५८ सालको सुरुआतताका लगभग एकैसाथ चारओटा एफएम रेडियोले आफ्नो प्रसारण थालेका हुन् । त्यसैले पोखरेली एफएम रेडियोले कार्यक्रम प्रसारणको झन्डै चार वर्षको अनुभव सँगालिसकेका छन् । सानो सहरमा एकैसाथ लगभग उस्तै प्रकृतिका चारओटा एफएम रेडियो आइसकेपछि उनीहरूबीच आपसमा तीव्र प्रतिस्पर्धा देखा पर्नु स्वाभाविकै हो । तसर्थ कसरी बढीभन्दा बढी श्रोता आकर्षण गर्ने भन्ने विषय सबै एफएम स्टेसनका लागि चुनौतीपूर्ण बन्दै आएको छ (पराजुली २०५८क) ।

सुरुआतकालदेखि नै अन्तर्संवाद कार्यक्रमले ठाउँ पाए पोखरेली रेडियोहरूमा । २०५८ साल वैशाख २२ बाट रेडियो अन्नपूर्णले बहसप्रधान कार्यक्रम *आजको बैठक* सुरु गरेको हो । पछि अन्य स्टेसनमा पनि यस्ता कार्यक्रम देखा परे । यद्यपि सुरुआती दिनहरूमा स्टेसनहरूले मनोरञ्जनलाई प्राथमिकतामा राखेका थिए र अधिकांश समय सङ्गीतमूलक कार्यक्रम प्रसारण गरिरहन्थे । प्रारम्भिक दिनमा पोखरेली एफएम रेडियोलाई सङ्गीत मात्र बजाउने र हल्काफुल्का विषयमा गन्थन गरेको आरोप लगाएको पाइन्छ

(भादगाउँले २०५८, जनमत २०५८) । यसले पनि कार्यक्रममा विविधता ल्याई समाचार र समाचारमूलक कार्यक्रम समावेश गर्न र तिनलाई निरन्तरता दिन नजानिँदो दबाब पारेको हुन सक्छ । त्यसैले बिस्तारै समाचार एवं बहस र अन्तर्क्रियात्मक कार्यक्रमले पनि यी एफएम रेडियोमा महत्त्व पाए । समसामयिक घटना र राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक परिवेशका यस्ता जानकारीमूलक कार्यक्रम श्रोताहरूका लागि राम्रै खुराक बनेका थिए (पराजुली २०५८: २२४) ।

पछिल्लो समयमा २०६१ माघ १९ मा शाही घोषणा हुनुअघिसम्म समाचार तथा अन्तर्संवाद कार्यक्रमको प्रभूत्व र प्रभावकारिता पोखरामा पनि बढ्ने क्रममा थियो । घण्टाघण्टामा समाचार दिने, अझ कुनै बेला कतै केही भइहाल्नेबित्तिकै अन्य कार्यक्रम बजिरहेकै भए पनि त्यसलाई केही बेर रोकेर 'ब्रेकिङ न्यूज' दिने कार्यमा एफएम स्टेसनहरू ज्यादै सक्रिय थिए ।[1] अन्तर्संवाद कार्यक्रमले समाचारकै जति महत्त्व त पाएका थिएनन् । तर हरेक एफएम स्टेसनले समाचार मात्र नभई समसामयिक विषयमा छलफल या अन्तर्क्रिया गरिने कार्यक्रम पनि सञ्चालन गरेकै थिए ।

समसामयिक जुनसुकै विषयमा अन्तर्क्रिया गर्न सकिने कार्यक्रम स्थानीय चारओटै एफएम स्टेसनका थिए । यहाँ ती कार्यक्रमको प्रसारण अभ्यासका विभिन्न पक्षहरू खोतल्ने प्रयास गरिएको हो । रेडियो अन्नपूर्णको *आजको बैठक,* हिमचुली एफएमको *हिमचुली गेस्ट,* पोखरा एफएमको *पोखरा संवाद*[2] र माछापुच्छ्रे एफएमको *बिहानी चिन्तन* यस लेखमा समेटिएका कार्यक्रम हुन् । यो लेखभरि नै यी कार्यक्रमहरूलाई अन्तर्संवाद कार्यक्रम भनेर सम्बोधन गरिएको छ । फरकफरक स्टेसनका यस्ता कार्यक्रमको फर्म्याटमा तात्त्विक भिन्नता केही पाइँदैन । यी कार्यक्रममा कहिले पाँच/छ जना सहभागी ल्याई बहस नै गराइन्थ्यो भने कहिले एकैजना मात्र स्रोतव्यक्तिसँग अन्तर्वार्ता गरिन्थ्यो । अपवादबाहेक सबै कार्यक्रम प्रत्यक्ष प्रसारण हुने गर्थे । स्रोतव्यक्तिहरू फोनबाट या स्टुडियोमा प्रत्यक्ष उपस्थित भई सहभागी हुन्थे । तर २०६१ माघ १९ पछि यस्ता कार्यक्रम ठप्प हुन पुगे ।[3]

केही संस्थाले प्रायोजन गरेका रेडियो कार्यक्रममा पनि बहसले ठाउँ नपाएको होइन । आफूले काम गरिरहेको क्षेत्रमा भइरहेका गतिविधिबारे जानकारी बाँड्ने

---

[1] पोखरेली एफएम रेडियोमा प्रसारित समाचारका विविध आयामको विस्तृत चर्चा कृष्ण अधिकारीले अध्याय ८ मा गरेका छन् ।

[2] सुरुमा पोखरा एफएममा *भेटघाट* नामक अन्तर्क्रियात्मक कार्यक्रम थियो । २०६० सालको पूर्वार्धतिर प्रस्तोता वासुदेव मिश्रले स्टेसन छोडेपछि यो कार्यक्रम केही समय बन्द भयो । तर पछि त्यसै सालको हिउँददेखि भोजराज न्यौपानेले यस्तै प्रकृतिको कार्यक्रम *पोखरा संवाद*को नाममा सञ्चालन गर्न थाले ।

[3] पछिल्लो समयमा (२०६२ साउन ताका) अन्तर्क्रिया कार्यक्रम बिस्तारै सुरु हुन थालेको पाइन्छ र ती गैर राजनीतिक विषयमा केन्द्रित छन् ।

हिसाबले विभिन्न संस्थाहरूले यस्तो कार्यक्रम प्रायोजन गरेका हुन् र बहसलाई समावेश गरेका हुन् । जस्तैः लि-बर्ड नामक संस्था पोखरा क्षेत्रमा जैविक विविधता र कृषिसम्बन्धी काम गरिरहेको छ । यसको प्रायोजनमा रेडियो अन्नपूर्णमा *लि-बर्डको चौतारी* भन्ने कार्यक्रम प्रसारण हुन्थ्यो । यस कार्यक्रममा कृषि र जैविक विविधतासम्बन्धी विषयमा अन्तर्क्रिया पनि गरिन्थ्यो । माछापुच्छ्रे एफएममा पोखरा उपमहानगरपालिकाको प्रायोजनमा सञ्चालित *हाम्रो पोखरा* भन्ने कार्यक्रममा नगरका विविध विषयमा अन्तर्क्रिया हुने गर्थ्यो । हिमचुली एफएममा दलित सवालसम्बन्धी *आवाज* कार्यक्रम थियो र यसमा पनि अन्तर्क्रियाले ठाउँ पाएको थियो । यीमध्ये केही कार्यक्रम अद्यापि सञ्चालनमा छन् । यस्ता कार्यक्रममा मुख्यतः सम्बन्धित विषय-केन्द्रित घटना र गतिविधिको जानकारी, श्रोताहरूले पठाएका कविता, मुक्तक र अन्य पत्र प्रसारण गरिएको पाइन्छ । कुनैकुनैमा त बीचबीचमा गीतसमेत बजाइन्छ । यस्ता कार्यक्रममा अनियमित रूपमा सीमित सम्बन्धित विषयमा मात्रै अन्तर्संवाद समावेश गरिन्छ । यस लेखमा भने त्यस्ता निश्चित विषय-केन्द्रित अन्तर्क्रियाका कार्यक्रमलाई समेटिएको छैन ।

पोखरेली एफएम रेडियोका समग्र कार्यक्रम र तिनले समेटेका विषयवस्तुबारे केही टीकाटिप्पणी पत्रपत्रिकामा आउने गरे पनि गम्भीर अध्ययन हुन सकेको छैन । झन् अन्तर्संवाद कार्यक्रमबारे त विश्लेषण नभएको मात्रै होइन, तीबारे टीकाटिप्पणी गरिएको पनि नगण्य नै भेटिन्छ । रेडियोका अन्तर्संवाद कार्यक्रमको महत्त्व र तिनको मूल्याङ्कनको आवश्यकताबारे प्रत्यूष वन्त लेख्छन्–

> सामाजिक प्रजातन्त्रीकरण हुन राज्यइतर स्वामित्वको पब्लिक रेडियोमा बहस कार्यक्रम गरिनुपर्छ भन्ने कुरामा कुनै विवाद नै हुन सक्दैन । तर त्यस्ता कार्यक्रमहरूको वर्तमान सीमा र सम्भावनाहरू हामीले गरिसकेका प्रयासहरूको यथार्थवादी विश्लेषणबाट मात्र हुनसक्छ, सैद्धान्तिक ठेलीहरूबाट आउने औषधीका प्रेस्क्रिप्सनहरू जस्तोबाट होइन (२०५९: ९४) ।

अन्तर्संवाद कार्यक्रमले समाजमा केही न केही प्रभाव पारेको हुन्छ । त्यसको अभ्यासबारे विचार-विमर्श र विवेचना गर्न सके त्यसमा गर्न सकिने सुधारको ढोका खुल्छ । तसर्थ प्रसारणको सुरुआतैदेखि अस्तित्वमा रहेका यस्ता अन्तर्क्रियात्मक कार्यक्रमबारे विश्लेषण गरिनु उचित हुने ठानेर यो अनुसन्धान गरिएको हो र सोही आधारमा यो लेख तयार गरिएको हो । यहाँ पोखरेली एफएममा भएका अन्तर्संवाद कार्यक्रमका विभिन्न पाटाहरूको अध्ययन गरी विश्लेषण गरिएको छ ।

२०६१ चैतमा पोखरामा एफएम स्टेसनसँग सम्बद्ध र असम्बद्ध विभिन्न व्यक्तिहरूसँग कुराकानी गरी अन्तर्संवाद कार्यक्रमबारे जानकारी सङ्कलन गरिएको

हो । केही कार्यक्रमको पुरानो रेकर्ड पनि सुनिएको थियो । यसैको आधारमा यो लेखको प्रारम्भिक मस्यौदा तयार हुन सक्यो । त्यसपछि २०६२ साउनको मध्यतिर पोखरामा थप अनुसन्धान गरी मस्यौदालाई अन्तिम रूप दिइएको हो । हरेक स्टेसनसित पछिल्लो छ महिनामा यी अन्तर्संवाद कार्यक्रममा के विषयमा को-को सहभागी भए भन्ने विवरण र उक्त अवधिमा प्रसारित कार्यक्रमको अडियो रेकर्ड पनि मागिएको थियो । सबभन्दा पछिल्लो अवस्था अर्थात् २०६१ साल मध्य साउनदेखि मध्य माघसम्मको अवस्था जान्न यसो गरिएको हो । तर यस्तो विवरण र कार्यक्रमको पुरानो अडियो रेकर्ड दुरुस्त राख्नेतिर दुवै पक्ष– स्टेसन र कार्यक्रम प्रस्तोताको ध्यान नपुगेको पाइयो । पुराना कार्यक्रमबारेको बेवास्ताले आफ्ना कार्यक्रममा के विषय समेटियो र कुन विषयले कत्तिको प्राथमिकता पायो भनेर पछि गर्न सकिने आत्ममूल्याङ्कनको सम्भावनालाई खुम्चाएको छ ।[४]

रेडियो अन्नपूर्ण र माछापुच्छ्रे एफएमबाट उक्त छ महिनामा प्रसारित कार्यक्रमका केही अडियो रेकर्ड पाउन सकियो । त्यस अवधिमा को व्यक्ति कुन विषयमा निम्त्याइए भन्नेबारे पूर्ण विवरण रेडियो अन्नपूर्णबाट मात्रै उपलब्ध हुन सक्यो (उक्त विवरण अनुसूची ५ मा छ) । यिनै उपलब्ध सामग्री र विभिन्न व्यक्तिहरूसँगको कुराकानी नै यस अध्ययनका मुख्य आधार हुन् ।

रेडियो कार्यक्रमको प्रभावकारिता यसका केही संरचनागत तत्त्वले निर्धारण गर्दछ । घमराज लुइँटेल (२०५९खः ४४) ले रेडियो कार्यक्रम उत्पादनका लागि महत्त्वपूर्ण तत्त्वहरूका रूपमा विषयवस्तुको छनोट, सिर्जनात्मक दिमाग, विवेचनात्मक अध्ययन, जनसम्पर्क र अन्तर्क्रिया, अनुसन्धान, पेसागत सीप र दक्षता, प्रतिबद्धता, भाषागत ज्ञान र प्रयोग, पहिचान र धैर्य, व्यवस्थापकीय पक्षलाई मानेका छन् । यहाँ पनि अन्तर्संवाद कार्यक्रमलाई प्रभाव पार्ने यस्तै विभिन्न तत्त्वहरूको आधारमा कार्यक्रमको प्रभावकारिता जान्ने प्रयास गरिएको हो । पहिलो भागमा कार्यक्रमका विभिन्न पक्षहरू– प्रस्तोता, विषयवस्तु, स्रोतव्यक्ति, आर्थिक पक्ष– को चर्चा छ । दोस्रो भागमा यसको प्रभावकारिताको लेखाजोखा गरिएको छ । अध्ययन र विश्लेषणको आधारमा अन्तमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

---

[४] प्रत्यूष वन्त (२०५९) ले आफूले रेडियो सगरमाथामा सञ्चालन गरेको अन्तर्संवाद कार्यक्रम *डबली*को आत्ममूल्याङ्कन गरेका छन् । उनले आफूले गर्न सकेका र गर्न नसकेका केही कामहरूको उदाहरण र त्यसका कारणहरू आफ्नो लेखमा केलाएका छन् । त्यसै गरी मञ्जु थापा (२०५९) ले आफू संलग्न भएको अस्मिता समूहले रेडियो सगरमाथामा सञ्चालन गरेका महिला कार्यक्रम *शक्ति*को विश्लेषण गरेकी छन् । यस कार्यक्रममा महिलासम्बन्धी विषयहरूमा अन्तर्क्रिया हुने गर्थ्यो । यस्ता आत्ममूल्याङ्कनबाट प्रसारणका क्रममा विगतमा भएका कमी कमजोरी र तिनका कारणबारे जानकारी पाइने हुनाले भविष्यमा सुधार गर्न सकिन्छ ।

## कार्यक्रमका संरचनागत तत्त्वहरू

### *प्रस्तोता*

यी अन्तर्संवाद कार्यक्रमका प्रस्तोताहरू आ-आफ्ना स्टेसनका समाचार शाखामा पनि सक्रिय थिए। उक्त शाखामा काम गर्दा जुनसुकै समय पनि जिज्ञासु र सतर्क भइरहनु स्वाभाविकै हो। झन् यस्तो शाखामा थोरै जनशक्तिका साथ काम गर्नुपर्दा अत्यन्तै व्यस्त पनि थिए उनीहरू। *बिहानी चिन्तन*का प्रस्तोता गङ्गाधर पराजुली लामो समयदेखि छापा पत्रकारितामा संलग्न व्यक्ति हुन्। माछापुच्छ्रे एफएमले समाचार प्रसारण गर्न थालेदेखि नै उनले रेडियो प्रसारणको क्षेत्रमा पाइलो हालेका हुन् र पछिल्लो समयमा रेडियो पत्रकारितामा पूर्णतः समर्पित छन्। *आजको बैठक*का प्रस्तोता दीपेन्द्र श्रेष्ठ रेडियो अन्नपूर्णका स्टेसन इन्चार्ज हुन् र अन्य कार्यक्रमहरू पनि सञ्चालन गर्छन्। उनले काठमाडौँको जमलेश्वर इन्स्टिच्यूटबाट रेडियो प्रसारणसम्बन्धी तालिम लिएपछि २०५८ सालको प्रारम्भसँगै सुरुमा रेडियो अन्नपूर्णमा प्रवेश गरेका हुन्। *हिमचुली गेस्ट*का प्रस्तोता अनुराग अधिकारी दिउँसोमा अध्यापन कार्यमा पनि संलग्न छन्। *पोखरा संवाद*का रामकृष्ण ज्ञवाली स्थानीय पत्रिका *समाधान दैनिक*को सहसम्पादक र काठमाडौँको दैनिक पत्रिका *राजधानी*को स्थानीय संवाददाता पनि हुन्। अघिल्ला दुईजनाले आ-आफ्ना कार्यक्रम सुरुआतदेखि नै चलाउँदै आएका हुन् भने पछिल्ला दुईजनाले यी कार्यक्रमलाई पछि मात्र निरन्तरता दिएका हुन्। तुलनात्मक रूपमा रेडियो अन्नपूर्णको *आजको बैठक* र माछापुच्छ्रे एफएमको *बिहानी चिन्तन*ले श्रोताहरूमाझ बढी चर्चा पाएको भेटियो। यी एफएमका प्रस्तोता सुरुदेखि नै उही भएकाले र रेडियो प्रसारणमा अनुभव धेरै बटुलेकाले पनि यस्तो भएको हुन सक्छ। अर्कोतिर, यी दुई कार्यक्रमले लामो समयसम्म निरन्तरता पाउन सके भने हरेक हप्ता बाँकी दुईभन्दा धेरैपटक पनि प्रसारण हुन्थे। अन्तर्संवाद कार्यक्रमबारे केही जानकारी तालिका १०.१ मा दिइएको छ।

हरेक एफएममा भएका यी अन्तर्संवाद कार्यक्रमका लागि प्रस्तोता नै सर्वेसर्वा हुन्। प्राविधिज्ञबाहेक उनीहरूलाई सघाउन भनी अन्य व्यक्ति खटिएको वा समूह बनाइएको उदाहरण पाइँदैन। त्यसमाथि प्रस्तोता नै हरेक दिन समाचारसम्बन्धी दौडधूप र अन्य रेडियो कार्यक्रम चलाउन व्यस्त पनि हुने भएकाले अन्तर्संवाद कार्यक्रमको आवश्यक तयारीका लागि कम मेहनत पर्नु अस्वाभाविक भएन। फलस्वरूप यसको असर कार्यक्रमको गुणस्तर र प्रभावकारितामा प्रत्यक्ष पर्न जान्छ।

**तालिका १०.१: पोखरेली एफएम रेडियोका अन्तर्संवाद कार्यक्रमको केही विवरण**

| **रेडियो स्टेसन** | **कार्यक्रम** | **पछिल्ला प्रस्तोता** | **सुरु मिति** | **हप्तामा कतिपटक** | **प्रसारण अवधि** |
|---|---|---|---|---|---|
| माछापुच्छ्रे एफएम | बिहानी चिन्तन | गङ्गाधर पराजुली | २०५८ साउन | २ | ४५ मिनेट |
| रेडियो अन्नपूर्ण | आजको बैठक | दीपेन्द्र श्रेष्ठ | २०५८ वैशाख २२ | ४ | ३० मिनेट |
| हिमचुली एफएम | हिमचुली गेस्ट | अनुराग अधिकारी | थाहा हुन नसकेको | १ | ४५ मिनेट |
| पोखरा एफएम | पोखरा संवाद | रामकृष्ण ज्ञवाली | २०६० पुस | १ | ६० मिनेट |

स्रोतः सम्बन्धित कार्यक्रमका प्रस्तोतासँगको कुराकानी ।

कवि तीर्थ श्रेष्ठ एउटा प्रसङ्ग सम्झन्छन्– “एकपटक कवि मोहन कोइराला हामीसँगै हुनुहुन्थ्यो । एफएम स्टेसनका साथीहरूले अन्तर्वार्ताका लागि अनुरोध गरी तत्काल लिएर गए उहाँलाई । यसरी अपर्झट अन्तर्वार्तामा निम्त्याउँदा न त उहाँले नै केही तयारी गरेर बोल्न पाउनुभयो न प्रस्तोताले नै । अन्तर्वार्ताको औपचारिकता मात्रै निर्वाह गरियो ।” यदाकदा भने प्रस्तोताले केही हदसम्म तयारी गरेको श्रेष्ठ स्वीकार्छन् । यद्यपि कहिलेकाहीँ उनलाई विषयसँग सम्बन्धित व्यक्तिले नै यो कार्यक्रम चलाएको भए अझ कति प्रभावकारी हुन्थ्यो होला भन्ने लाग्दो रहेछ । प्रस्तोतामा सटिक प्रश्न सोध्ने क्षमताको अभाव भएको र स्रोतव्यक्तिले भन्दा आफूले समय धेरै लिइदिने, आफ्नो पूर्व निर्मित आग्रहमा अन्य सहभागीलाई पनि धकेलेर ल्याउन खोज्ने जस्ता कमजोरी प्रस्तोतामा रहेको औँल्याउँछन् श्रेष्ठ ।[५]

म आफै सहभागी भएको एउटा कार्यक्रमको प्रसङ्ग यहाँ उल्लेख गर्नु सान्दर्भिक होला । मार्टिन चौतारीले प्रकाशन गरेको पुस्तक *क्षेत्रीय मिडियाः विगत र वर्तमान*को सार्वजनीकरण कार्यक्रम २०५९ वैशाख ८ गते पोखरामा भयो । यस पुस्तकमा काठमाडौँबाहिर अधिराज्यका केही मुख्य सहरहरूमा भइरहेको पत्रकारिता अभ्यासका विभिन्न पक्षलाई समेटिएको थियो र पोखराको मिडियाको तत्कालीन अभ्यासबारे अनुसन्धानमा आधारित मेरो लेख उक्त पुस्तकमा समावेश थियो । पोखरा एफएमको *भेटघाट* कार्यक्रममा पुस्तकबारे अन्तर्क्रियाका लागि म र पुस्तकका सम्पादक प्रत्यूष वन्त स्टुडियोमा निम्त्याइँयौँ । प्रस्तोतालाई समयमै पुस्तक उपलब्ध गराए पनि उनले त्यहाँ परेको पोखरेली मिडियासम्बन्धी लेखसमेत पढ्न नभ्याएको स्वीकारे । कार्यक्रममा हामीलाई पुस्तकका विषयवस्तुबारे ठोस रूपमा उनले सोध्न सकेनन् बरू धौलागिरि अञ्चल त तपाईंको अनुसन्धानमा छुटेछ नि भन्ने जस्ता प्रश्नमा उनले समय खर्चे ।

[५] तीर्थ श्रेष्ठसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित ।

हामीले के काम, कसरी गरेको हो र के पत्ता लाएको हो भन्ने कुराबारे जानकारी त्यो २६ पृष्ठको लेख पढेपछि सजिलै पाइन्थ्यो र विषयवस्तुमा नै छलफललाई केन्द्रित गर्न सकिन्थ्यो । तर त्यसो हुन सकेन । त्यसै गरी २०६१ को सुरुआतताका *आजको बैठक*मा मार्टिन चौतारीकै अर्को प्रकाशन *नेपाली मिडिया सन्दर्भ ग्रन्थ*बारे यसका सह-सम्पादक प्रत्यूष वन्तसँग कुराकानी गर्ने भनिए पनि कुराकानीको विषय त्यसमा केन्द्रित हुन सकेन । प्रस्तोतालाई पुस्तक अध्ययनका लागि उपलब्ध गराइए पनि त्यो पढेको छनक कुराकानीका क्रममा नझल्केको वन्त बताउँछन् ।[६]

*आजको बैठक*का पुराना रेकर्ड सुन्दा प्रस्तोता दीपेन्द्र श्रेष्ठले सहभागीसमक्ष सटिक प्रश्न नसोधी अनावश्यक भूमिका बाँधेको महसुस हुन्छ । सहभागीलाई बरोबर अनावश्यक हस्तक्षेप गरेको सन्दर्भ पनि भेटिन्छ । यसबारे जिज्ञासा राख्दा प्रस्तोता दीपेन्द्र श्रेष्ठ प्रस्टयाउँछन्–

> सटिक प्रश्न नसोधेको स्वीकार्छु म । विषयबारे केही पृष्ठभूमि पनि दिन सकेमा एकातिर श्रोताले विषयवस्तुबारे धेरै जानकारी पाउँछन् भने अर्कातिर सहभागीलाई पनि जबाफ दिन सहज हुन्छ । आफ्नो कार्यक्रमको पहिलो श्रोता म आफै हुँ र विषय वा प्रसङ्गभन्दा बाहिर सहभागीको कुरा जान लाग्यो भने म बीचमै रोकेर बरोबर 'ट्र्याक' मा ल्याउने प्रयास गर्छु । त्यसै गरी जे मुद्दामा छलफल बढी भएमा श्रोता सन्तुष्ट हुन्छन् भन्ने आफूलाई लाग्छ त्यतै बहसलाई डोऱ्याउने गर्छु । स्रोतव्यक्तिको पूर्व अभिव्यक्ति र पृष्ठभूमिका आधारमा नै उसलाई बोलाउने हो । तर कहिलेकाहीँ अघिल्लो दिन आफैले गरेको कुराकानीसँग नमिल्दो गरी कार्यक्रममा आफ्नो अभिव्यक्ति दिन्छन् । रेडियोमा बोल्दा विवादमा परिन्छ कि भन्ने भयले यस्तो भएको हुन सक्छ । यस प्रकारको परिवेशमा म उसलाई अघिल्लो दिन बोलेकै कुरातर्फ ल्याउने प्रयास गर्छु । कार्यक्रम निश्चित समयसीमामा बाँधिएको हुनाले पनि सहभागीहरूलाई कम समय दिनुपरेको हो ।[७]

कार्यक्रम प्रस्तोताले अन्तर्क्रियात्मक कार्यक्रम प्रसारणबारे छुट्टै तालिम कसैले लिएको पाइँदैन । गर्दै र सिक्दै जाने क्रममा छन् प्रस्तोताहरू । सुरुसुरुमा यस्ता कार्यक्रम गर्दा जोस र उत्साह आए पनि पछिपछि एकाङ्गी अनुभव भएको *भेटघाट*का प्रस्तोता वासुदेव मिश्र सुनाउँछन् । कार्यक्रममा नयाँपन ल्याउन खोजे पनि स्टेसनतर्फबाट रुचि र प्रोत्साहन कमै पाएकाले आफू रेडियो कार्यक्रमलाई पूर्णतः त्यागेर छापा पत्रकारितातर्फ लागेको बताउँछन् उनी ।[८]

---

[६] प्रत्यूष वन्तसँग २०६१ भदौ २ को कुराकानीमा आधारित ।

[७] दीपेन्द्र श्रेष्ठसँग २०६२ साउन २४ मा गरिएको कुराकानीमा आधारित ।

[८] वासुदेव मिश्रसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित ।

यी कार्यक्रमका प्रस्तोता सबै युवावस्थाका पुरुष हुन् । जातीय हिसाबले हेर्दा तीमध्ये तीनजना बाहुन र एकजना नेवार हुन् । कार्यक्रमका लागि प्रस्तोताहरू नै पूर्णतः जिम्मेवार भएको सन्दर्भमा उनीहरूको अन्य कामधन्दा, शैक्षिक योग्यता, तालिम जस्ता विषय त महत्त्वपूर्ण हुन्छन् नै, उनीहरूको जात, सामाजिक वर्ग, उमेर जस्ता कुराले पनि कार्यक्रममा र श्रोताको धारणामा प्रभाव पारेको हुन्छ । स्टेफेन बर्नाडका अनुसार रेडियो अथवा अन्य कुनै माध्यमले विभिन्न सवाललाई प्रस्तुत गर्न सकिने प्रशस्तै सम्भावनामध्ये एउटा दृष्टिकोण प्रस्तुत गर्न सक्छ । विभिन्नखाले परम्परागत धारणा (स्टेरियोटाइप) हरूले मिडियामार्फत पनि निरन्तरता पाएको छ भन्ने उनको भनाइ छ । उनले उदाहरणको रूपमा महिलाको आज्ञाकारी र कमजोर छवि अथवा युवाहरूलाई सामाजिक समस्याका रूपमा चित्रण गरिने, काला जातिलाई अल्छी भनिने जस्ता परम्परागत धारणा उल्लेख गरेका छन् । यसो हुनुमा मिडियामा निर्णय गरिने ठाउँमा यी वर्गको अनुपस्थिति हुनु पनि केही हदसम्म जिम्मेवार छ भन्ने कुरा पनि सँगै जोड्छन् उनी । रेडियो कार्यक्रमको अन्तर्वस्तुमा लिङ्ग, उमेर समूह, सामाजिक वर्ग, जात आदिको प्रतिनिधित्व कसरी भयो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ भन्ने निष्कर्ष बर्नाड (सन् २०००: २२२) को छ । रेडियो नेपालको सन्दर्भमा भने दलित, मधेसी, जनजाति समुदायलाई होच्याउने प्रसङ्ग बरोबर प्रसारण हुने गरेको र यसलाई ती समुदायको प्रतिनिधित्वको अभावसँग जोडेर हेरेको पाइन्छ (विश्वकर्मा २०५८, प्रेमर्षि २०६१ र यात्रु २०६१) । यी एफएम रेडियोका कार्यक्रममा जाति, उमेर समूह, जातजातिका विभिन्न मुद्दालाई कसरी उठाउने या नउठाउने गरिएकोबारे थप अध्ययन हुनु जरुरी देखिन्छ, जुन यस अध्ययनमा समेटिएको छैन ।

## ***विषयवस्तु***

स्थानीय विषयवस्तुहरूलाई सार्वजनिक बहसको वृत्तमा ल्याउने काममा यी एफएम रेडियोहरू अति नै प्रभावकारी भएको पाइन्छ । स्थानीय भेगमा खानेपानी आपूर्ति वा टेलिफोन सेवामा देखिएको समस्या, सरकारी कार्यालयका ढीलासुस्ती, वातावरणको बिग्रँदो अवस्था, शिक्षा क्षेत्रका समस्या जस्ता विषयमा रेडियो कार्यक्रममा चर्चा परिचर्चा गरिएको छ ।

माछापुच्छ्रे एफएममा सञ्चालित अन्तर्संवाद कार्यक्रम *बिहानी चिन्तन*मा समेटिने विषयबारे यसका प्रस्तोता गङ्गाधर पराजुली लेख्छन्–

> *बिहानी चिन्तन* कार्यक्रममा राजनीतिक सामाजिक, शैक्षिक, आर्थिक, सांस्कृतिक, साङ्गीतिक, साहित्यिक, पर्यटकीय, खेलकुद, स्वास्थ्य, यातायातलगायत समग्र विषयवस्तुलाई

> समावेश गरिँदै आएको छ भने यस क्षेत्रको समग्र विकास गर्नको लागि प्रवर्द्धनात्मक कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ (२०६०: ४४)।

*बिहानी चिन्तन*मा विधागत हिसाबले समाजका सबै पक्ष समेट्न खोजेको सङ्केत यस अंशबाट पाइन्छ। अरू तीन कार्यक्रममा समेटिएका विषयमा पनि व्यापक विविधता पाइन्छ। तर सबै विषयले उत्तिकै प्राथमिकता भने पाउँदैनन्। सामान्यतया राजनीतिक विषयले बढी प्राथमिकता पाएको अनुभव हुन्छ। कार्यक्रमका सञ्चालकहरूका अनुसार राजनीतिक विषयमा नै बहस छरितो हुन्छ र आम श्रोताले पनि बुझ्छन्। यस्तो विषयमा स्रोतव्यक्ति पनि सहजै उपलब्ध हुन्छन्। चर्चित सवालमा फूर्तिसाथ कार्यक्रम प्रस्तुत गर्न सके बहस जम्छ र श्रोतालाई पनि यस्तैखाले बहस राम्रो लाग्छ।[९]

पोखरा पृथ्वीचोक निवासी सुदर्शन रञ्जितकार यस्ता कार्यक्रम सकेसम्म सुन्न छुटाउँदैनन्। राजनीतिक विषयमा अधिक छलफल गरेको उनलाई चित्त बुझेको छैन। स्थानीय समस्यालाई उजागर गर्ने र तिनको निराकरण गर्ने दिशामा कम प्रभावकारी भएको भन्ने उनको विश्लेषण छ। यस्ता कार्यक्रममा उठ्नुपर्ने विभिन्न विषयहरू जस्तैः सवारी पार्किङ समस्या, खानेपानी समस्या आदि छन्। यस्ता कुराहरू कि त उठाइँदैनन् कि औपचारिकता निभाउन उठाइए पनि तिनको अनुगमन गरिँदैन। यस्तो हुनमा केही भूमिका विज्ञापनको पनि रहेको हुन सक्ने उनको तर्क छ। विज्ञापनदातालाई नकारात्मक असर पर्ने गरेर कार्यक्रम सञ्चालन गर्न नखोज्ने भन्ने उनको सङ्केत हो।[१०] राजनीतिक विषयमा छलफल गर्दा तुलनात्मक रूपमा सजिलो हुने हुनाले यसले बढी प्राथमिकता पाएको अनुमान गर्छन् *पोखरा संवाद*का पूर्व प्रस्तोता भोजराज न्यौपाने। राजनीतिक विषयमा श्रोता पनि केही जानकार हुने, प्रस्तोतालाई थोरबहुत जानकारी भइहाल्ने र स्रोतव्यक्ति पनि सहजै उपलब्ध हुने बेहोरा प्रस्टचाउँछन् उनी।[११]

*आजको बैठक*मा २०६१ साल मध्य साउनदेखि मध्य माघसम्म छ महिनाको अवधिमा उठेका विषयहरू हेर्दा राजनीतिक विषय प्रमुख प्राथमिकतामा देखिन्छ। उक्त अवधिमा भएका १०६ ओटा कार्यक्रममध्ये राजनीतिक विषयमा २२, स्वास्थ्यबारे १३, पत्रकारिताबारे ९, महिलाबारे ८, सुशासनबारे ६, शिक्षाबारे ५,

---

[९] गङ्गाधर पराजुली सँग २०६१ चैत १५ मा र दीपेन्द्र श्रेष्ठसँग २०६१ चैत १४ मा गरिएकको कुराकानीमा आधारित।

[१०] सुदर्शन रञ्जितकारसँग २०६२ साउन २४ मा गरिएको कुराकानीमा आधारित।

[११] भोजराज न्यौपानेसँग २०६२ भदौ १ मा गरिएको कुराकानीमा आधारित।

फोहरमैलाबारे ३, जनजातिबारे ३, जातीय छुवाछूतबारे २ ओटा र बाँकी अरू अनेक थरी विषयमा कार्यक्रम सम्पन्न भए ।

सांस्कृतिक पर्वका बेलामा यी कार्यक्रममा तिनै विषयले महत्त्व पाएको देखिन्छ । जस्तैः गाइजात्राको दिनमा गाइजात्राकै बारेमा, दशैँको अष्टमीमा बलि प्रथाबारे, नवमीको दिनमा टीकाको साइतबारे । त्यसै गरी अन्य समसामयिक विषयले पनि प्राथमिकता पाउँथे । इराकमा १२ जना नेपालीको हत्या गरिएपछि २०६१ भदौ १६ मा काठमाडौँमा हिंसा भड्केको थियो । यसै घटनाको सेरोफेरोलाई उक्त अवधिमा *आजको बैठक*ले तीनओटा कार्यक्रममा समेटचो । समसामयिक घटना र पर्व वा दिवसअनुसार विषयको चयन गरिएको पनि पाइयो । जस्तैः राष्ट्रिय एकता दिवस पुस २७ मा त्यसैबारे छलफल गर्ने, दादुराविरुद्ध खोप अभियान सुरु हुँदा त्यसबारे छलफल गर्ने आदि । अन्तर्संवादको विषय छनोटमा प्रस्तोताले कहिलेकाहीँ आफ्ना सहकर्मीसँग अनौपचारिक सल्लाह पनि गर्दा रहेछन् । अन्य मिडिया– खास गरी छापा माध्यममा चर्चामा रहेको कुनै विषयलाई अन्तर्संवादको विषय बनाउने अभ्यास पनि धेरै हुने गरेको पाइयो । यदाकदा विषय र विज्ञको चयन व्यक्तिविशेषको आग्रहमा पनि गरिँदो रहेछ । विषय र विज्ञको छनोटमा सहज उपलब्धता नै मुख्य आधार बनेको कवि तीर्थ श्रेष्ठको धारणा छ ।[१२] अघि नै चर्चा गरेझैँ यो कुरा प्रस्तोताले गर्ने तयारीसँग गाँसिन्छ ।

आफूले रोजेका सबै विषय उत्तिकै दमदार हुन नसकेको प्रस्तोताहरू स्वीकार्छन् । कतिपय कडा ठानेर गरेको सवालको छलफल फिस्स भएको छ भने केही सामान्य ठानिएका विषयमा गरेको छलफल प्रभावकारी भएको र प्रशस्तै प्रतिक्रिया बटुल्न सफल भएको पनि छ । "*आजको बैठक* निष्कर्ष पनि आओस् भन्ने हेतूले सुरु गरिएको भए पनि सबै विषयमा त्यस्तो सम्भव भएन" भन्छन् दीपेन्द्र श्रेष्ठ ।[१३] छोटो अवधिमा केही व्यक्ति छलफल गरेर निष्कर्ष निकालिहाल्ने मनसाय महत्त्वाकाङ्क्षी हो । तसर्थ हरेक अन्तर्क्रियाको निष्कर्ष निकाल्न खोज्ने प्रस्तोताको आग्रहले पनि कार्यक्रम प्रभावकारी हुन नसकेको शङ्का गर्ने ठाउँ छ ।

## *स्रोतव्यक्ति*

प्रारम्भिक दिनहरूमा यी रेडियोले बहसमा उठाउने विषय र स्रोतव्यक्तिमा विविधता आउन सकेको छैन भनेर मैले अन्यत्र उल्लेख गरेको छु (पराजुली २०५८कः २२४) ।

---

[१२] तीर्थ श्रेष्ठसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित ।

[१३] दीपेन्द्र श्रेष्ठसँग २०६१ चैत १४ मा गरिएको कुराकानीमा आधारित ।

सजिलै उपलब्ध हुने र स्थानीय स्तरमा चल्तापूर्जा व्यक्तिलाई नै यस्ता छलफलमा वक्ताको रूपमा निम्त्याइने गरेको प्रसङ्ग मैले त्यस सन्दर्भमा उठाएको थिएँ । अहिलेको अवस्था पनि प्रारम्भिक कालसँग मिल्दोजुल्दो नै देखिन्छ । सामान्यतया सबै स्टेसनमा एक दिनअघि मात्रै बहसको विषय र स्रोतव्यक्तिको टुङ्गो लगाउने चलन भएको पाइयो । प्रारम्भिक कालमा यस्तो अपवादको रूपमा मात्र हुन्थ्यो । अन्यथा दुई-तीन दिनअघि नै स्रोतव्यक्तिको टुङ्गो लागिसकेको हुन्थ्यो । हिजोआज भने बढी चर्चामा रहेको विषय नै बहसमा समेट्न पाइयोस् र पछिल्लो विषयले पनि स्थान पाउन सकोस् भनेर एक दिनअघि मात्रै विषय र स्रोतव्यक्तिको छनोट गर्नु परेको प्रस्तोताहरू बताउँछन् । स्थानीय पत्रकार कृष्णप्रसाद बास्तोला यस्तो प्रवृत्तिले स्रोतव्यक्तिलाई तयारी गर्न समय नपुग्ने धारणा व्यक्त गर्छन् ।[१४]

राजनीतिक विषयमा स्रोतव्यक्ति सजिलै उपलब्ध हुने भएकाले राजनीतिक सवालले यी कार्यक्रममा प्राथमिकता पाएको कार्यक्रम प्रस्तोताहरू बताउँछन् । राजनीति इतरका अन्य विषयमा राम्रो दखल भएका व्यक्तिहरू ज्यादै कम भएकाले स्रोतव्यक्तिको अभाव अति नै खट्कने उनीहरूको अनुभव छ । यसले गर्दा कार्यक्रमका सहभागीका रूपमा उही व्यक्ति दोहोरिने अवस्था अनौठो देखिँदैन । भएका विज्ञहरूमा पनि केहीमा अभिव्यक्ति क्षमता खोटपूर्ण देखिन्छ भने केही माइक्रोफोनमा बोल्न धक मान्नेहरू पनि छन् । रेडियोमा बोलेपछि विवादमा परिन्छ भनेर पनि कतिपय व्यक्तिहरू तर्किन खोज्छन् । बाहिर कुराकानी गर्दा प्रभावशाली र तर्कपूर्ण कुरा गर्नेले पनि स्टुडियोमा आउन मन नपराउने या आए पनि विवाद आउन सक्ने प्रसङ्गमा छिर्न नखोज्ने गरेको अनुभव कार्यक्रम प्रस्तोताले सँगालेका छन् । *पोखरा संवाद*का रामकृष्ण ज्ञवालीसँग कार्यक्रममा सरकारी कर्मचारीहरू खुलेर कुरा गर्न नचाहेको अनुभव छ ।[१५] पोखरामा बौद्धिक र प्राज्ञिक बहस गर्ने थलोको अभाव हुनाले पनि बहस गर्ने संस्कृति नदेखिएको अनुमान गर्छन् रेडियो अन्नपूर्णका दीपेन्द्र श्रेष्ठ ।[१६]

स्रोतव्यक्तिका रूपमा निम्त्याइने व्यक्तिहरूमा राजनीतिज्ञ, उद्योगी, व्यापारी, प्राध्यापक, वाङ्मयसेवी, गैरसरकारी संस्थाका अगुवा आदि नै मुख्य हुन् । स्थानीय चल्तापुर्जा व्यक्तिलाई नै बरोबर सबै स्टेसनले बोलाउने प्रवृत्ति अहिले पनि यथावत नै छ । स्रोतव्यक्ति बोलाउँदा आफूले चिनिराखेको व्यक्तिलाई मात्रै

---

[१४] कृष्णप्रसाद बास्तोलासँग २०६१ चैत २३ मा गरिएको कुराकानीमा आधारित ।

[१५] रामकृष्ण ज्ञवालीसँग २०६१ चैत १९ मा गरिएको कुराकानीमा आधारित ।

[१६] दीपेन्द्र श्रेष्ठसँग २०६१ चैत १४ मा गरिएको कुराकानीमा आधारित ।

बोलाउने र नयाँ मानिसको खोजी कमै गरेको स्थानीय *हिमदूत* साप्ताहिकका सम्पादक बद्रीविनोद प्रतीकको बुझाइ छ।[१७] स्टेसन मालिक र प्रस्तोताको व्यक्तिगत चिनजानका आधारमा पनि यी कार्यक्रममा व्यक्तिहरू निम्त्याइने गरेको र यस्तो प्रवृत्ति रोक्नुपर्ने नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व अध्यक्ष तथा ट्रान्सपरेन्सी इन्टरनेशनल, सहयोगी समूह पोखराका अध्यक्ष आनन्दराज मुल्मी बताउँछन्।[१८] प्रस्तोताहरूका अनुसार 'हामीलाई नबोलाउने' भनेर गुनासो गर्ने व्यक्तिहरू पनि प्रशस्तै हुन्छन्। उनीहरूलाई पनि विषय र दक्षता हेरी उपयुक्त लागेका खण्डमा बोलाइने गरिँदो रहेछ कार्यक्रममा।

*आजको बैठक*मा छ महिनाको अवधिमा सहभागी हुनेहरूमध्ये एकभन्दा बढी पटक सहभागी हुनेमा बद्रीविनोद प्रतीक (३ पटक), खेमराज पौडेल (३ पटक), डा. दिलबहादुर क्षेत्री (२ पटक), टेकनाथ बराल (२ पटक), आनन्द आले (२ पटक), तेजनाथ घिमिरे (२ पटक), विश्वशङ्कर पालिखे (२ पटक), आनन्दराज मुल्मी (२ पटक), तीर्थ श्रेष्ठ (२ पटक), डा. वसन्त ताम्राकार (२ पटक), डा. बलराम उपाध्याय (२ पटक), गेहेन्द्रेश्वर कोइराला (२ पटक), केदारबहादुर बोगटी (२ पटक), नरेशशङ्कर पालिखे (२ पटक), डा. कृष्ण केसी (२ पटक), कृष्ण केसी (२ पटक), मैयाँ रञ्जितकार (२ पटक) हुन् (हेर्नुहोस् अनुसूची ५)। यही स्टेसनका अन्य कार्यक्रममा वा अन्य स्टेसनमा पनि यी व्यक्तिहरू अन्तर्संवादमा सहभागी हुने भएकाले श्रोताका लागि उनीहरू अझ बढी दोहोरिएका हुन सक्छन्। पोखरामा अवस्थित यी स्टेसनहरूको प्रसारणको पहुँच तथा उपभोग क्षेत्र पोखरा बजार मात्र होइन। तर स्टेसनमा यस्ता कार्यक्रममा सहभागीका रूपमा निम्त्याइने व्यक्तिहरू पोखरा बजारका नै पर्छन्। पोखरा उपमहानगरपालिकासँगैको लेखनाथ नगरपालिका, छिमेकी जिल्ला स्याङ्जा, तनहूँ, लमजुङ आदि ठाउँका व्यक्तिहरू सहभागीका रूपमा कार्यक्रममा विरलै निम्त्याइन्छन्।

यी कार्यक्रममा स्रोतव्यक्ति बन्ने व्यक्तिहरू स्थानीय मात्रै छैनन्। काठमाडौँबाट कोही चर्चित व्यक्ति पोखरा आएको मौका फुत्कन दिँदैनन् प्रस्तोताहरू, यस्ता संवादका कार्यक्रममा ल्याएर अन्तर्वार्ता लिइहाल्छन्। माधवकुमार नेपाल, भरतमोहन अधिकारी, सूर्यबहादुर थापा, अर्जुननरसिंह केसी, पशुपति शमशेर जबरा, रोशन कार्की, विद्या भण्डारी, वामदेम गौतम, केपी ओली, आदि जस्ता राजनीतिक व्यक्तित्वदेखि डा. डीपी भण्डारी, योगी विकासानन्द, सुबोध प्याकुरेल आदि

---

[१७] बद्रीविनोद प्रतीकसँग २०६१ चैत २४ मा गरिएको कुराकानीमा आधारित।

[१८] आनन्दराज मुल्मीसँग २०६१ चैत २४ मा गरिएको कुराकानीमा आधारित।

गैरराजनीतिक क्षेत्रका चर्चित व्यक्तिहरू पोखरेली रेडियोवार्तामा सहभागी भइसकेका छन् । बहालवाला मन्त्रीहरूसमेत रेडियोका यस्ता अन्तर्संवाद कार्यक्रममा उपस्थित भई आफ्नो विचार राखेका छन् । त्यस्ता व्यक्तित्वलाई रेडियोको छलफल कार्यक्रममा बोलाउने प्रतिस्पर्धा नै हुन्छ, यहाँका एफएम स्टेसनबीच । ती व्यक्तिहरू जे कामका लागि पोखरा आएका हुन् त्यसमा सहभागी हुन ढिलो हुने अवस्थामा पनि एफएम रेडियोको कार्यक्रममा अन्तर्वार्तामा व्यस्त रहन्छन् । यसमा दोष कार्यक्रम प्रस्तोताको मात्रै छैन । ती निम्तालु व्यक्तिहरू नै रेडियो वार्ताका लागि उत्सुक हुन्छन् । कहिलेकाहीँ त उनीहरूको पोखरा आगमनको जानकारी पनि तिनै व्यक्तिले या तिनका स्थानीय सहयोगीले स्टेसनलाई दिएका हुन्छन् ।[१९]

"काठमाडौँबाट नाम चलेका व्यक्ति पोखरा आउँदा आफ्नो स्टुडियोमा अन्तर्वार्ताका लागि बोलाउने प्रतिस्पर्धा रेडियो अन्नपूर्ण र माछापुच्छ्रे एफएमबीच नै धेरै चल्यो"– हिमचुली एफएमका पूर्व कार्यक्रम संयोजक वर्षाकेशव पराजुली सम्झन्छन् । उनका अनुसार रेडियो अन्नपूर्णका तत्कालीन स्टेसन म्यानेजर प्रकाश सायमी र कार्यक्रम प्रस्तोता दीपेन्द्र श्रेष्ठका साथै माछापुच्छ्रे एफएमका स्टेसन म्यानेजर सरोजगोपाल बज्राचार्य र प्रस्तोता गङ्गाधर पराजुलीको काठमाडौँमा पनि सम्पर्क बढी थियो । यो सम्पर्कमार्फत उनीहरू काठमाडौँबाट पोखरा आउने व्यक्तिहरूलाई कार्यक्रममा निम्त्याउँथे । यसकारण उनीहरूकहाँ नै काठमाडौँका व्यक्तिको उपस्थिति अधिक हुन्थ्यो भन्ने वर्षाकेशव पराजुलीको तर्क हो ।[२०] आपसी समझदारीमा स्रोतव्यक्तिको दोहोरो उपयोग गरिएको *भेटघाट*का प्रस्तोता वासुदेव मिश्र सम्झन्छन् । उनले माछापुच्छ्रे एफएमको *बिहानी चिन्तन*मा सहभागी भइरहेका नेपाली काङ्ग्रेसका नेता अर्जुननरसिंह केसीलाई उता 'ब्रेक' हुँदा आफ्नो कार्यक्रम *भेटघाट*मा फोनवार्तामार्फत सहभागी गराएका थिए ।[२१]

काठमाडौँका स्रोतव्यक्तिलाई स्थान दिनुपर्ने अवस्थाका लागि दुईओटा कारण औँल्याउँछन् पोखरा एफएमका अध्यक्ष प्रितममान बुद्धाचार्य । उनी भन्छन्– "पहिलो त आम श्रोताहरूमा नै राष्ट्रिय सवालमा राष्ट्रिय स्तरमा नाम चलेका

---

[१९] दीपेन्द्र श्रेष्ठ, गङ्गाधर पराजुली, रामकृष्ण ज्ञवाली र अनुराग अधिकारीसँगको बेग्लाबेग्लै कुराकानीमा आधारित ।

[२०] वर्षाकेशव पराजुलीसँग २०६२ वैशाख २७ मा गरिएको कुराकानीमा आधारित ।

[२१] वासुदेव मिश्रसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित ।

व्यक्तित्वले कस्तो धारणा राख्छन्, त्यो जान्ने चाहना बढी हुन्छ । दोस्रो, पोखरामा विचार दिने मानिसको कमी छ र जति छन् तिनमा पनि तर्किन खोज्ने प्रवृत्ति बढी छ ।" यो पछिल्लो कारण चाहिँ स्रोतव्यक्ति दोहोर्‍याएर बोलाउनु पर्ने बाध्यताका लागि पनि जिम्मेवार भएको उनी बताउँछन् ।[२२] स्रोतव्यक्ति दोहोरिने अर्को कारणमा पदलाई प्राथमिकता दिइनु पनि हो । कुनै संस्था या समूहको अध्यक्षलाई सर्वेसर्वा मान्ने र उसलाई नै मात्रै खोज्ने प्रचलन यी एफएम रेडियोहरूमा बढी नै छ । त्यसो त कहिलेकाहीँ संस्थाका अन्य व्यक्तिहरूलाई रेडियो वार्तामा सहभागी हुन अनुरोध गरे पनि आफू अघि नसरी अध्यक्षतर्फ नै देखाउने गरेको प्रस्तोताहरूको अनुभव छ । पदीय बाँडफाँडअन्तर्गतको यो केन्द्रमुखी मानसिकताले गर्दा पनि स्रोतव्यक्ति दोहोरिने गर्छन् । *पोखरा संवाद*का पूर्व सञ्चालक भोजराज न्यौपानेको विचार भने केही भिन्न छ । पोखरेली अन्तर्संवाद कार्यक्रममा सतहमा आएका विषयलाई मात्रै समेट्ने, नाम चलेका व्यक्ति मात्रै खोज्ने प्रवृत्तिले यस्तो भएको हो । उनी आफूले कार्यक्रम चलाउँदा एक वर्षको अवधिमा प्रशस्तै सामाजिक सवाल उजागर गरेको र दोहोर्‍याएर कसैलाई पनि नबोलाएको दाबी पनि गर्छन् ।[२३]

समाजमा विद्यमान जातीय, लैङ्गिक विविधताले रेडियो कार्यक्रममा कस्तो स्थान पायो भन्ने अर्को महत्त्वपूर्ण सवाल हो । प्रत्यूष वन्त (२०५९: ९३) ले पनि आफूले रेडियो सगरमाथामा सञ्चालन गरेको *डबली* कार्यक्रममा लैङ्गिक र जातीय सहभागिता असमान रहेको स्वीकार्दै यही कारण आफ्नो कार्यक्रम आंशिक रूपमा मात्रै सफल हुन सकेको उल्लेख गरेका छन् ।

छ महिनाको अवधिमा जम्मा १०६ ओटा *आजको बैठक* कार्यक्रम सम्पन्न भएका थिए । त्यसमा उल्लिखित सहभागी व्यक्तिको नामको आधारमा हेर्दा जम्मा १५७ स्रोतव्यक्तिमध्ये पुरुष १३८ जना र महिला १९ जना देखिन्छन् (पूर्ण विवरणका लागि अनुसूची ५ हेर्नुहोस्) । तालिका १०.२ को आधारमा यसमा कथित उच्च जातका पुरुषहरूको बाहुल्य छ भन्न सकिन्छ । गैरनेवार जनजाति र दलितको सहभागिता अत्यन्तै न्यून देखिन्छ । महिला, दलित आदि जस्ता सापेक्ष हिसाबले पिछडिएका वर्ग वा समुदायसम्बन्धी विषयमा सम्बन्धित वर्ग वा समुदायकै व्यक्तिलाई नै बोलाइने हुँदा यिनको उपस्थितिसम्म देख्न पाइयो । अन्यथा यस्तो उपस्थिति अझ घट्ने थियो ।

---

[२२] प्रीतममान बुद्धाचार्यसँग २०६१ चैत २५ मा गरिएको कुराकानीमा आधारित ।

[२३] भोजराज न्यौपानेसँग २०६२ भदौ १ मा गरिएको कुराकानीमा आधारित ।

**तालिका १०.२: *आजको बैठक*मा ६ महिनामा सहभागी स्रोतव्यक्तिको विवरण**

| जम्मा स्रोतव्यक्ति | पुरुष | महिला | जनजाति | | दलित |
|---|---|---|---|---|---|
| | | | नेवार | गैरनेवार | |
| १५७ | १३८ | १९ | ३७ | १५ | २ |

स्रोतः स्टेसनबाट पाइएको जानकारी (हेर्नुहोस् अनुसूची ५)।

*आजको बैठक*मा सहभागी स्रोतव्यक्तिहरूको प्रतिनिधित्व जातीय तथा लैङ्गिक दृष्टिकोणले असमान देखियो र यो कार्यक्रमलाई अपवाद मान्ने आधार पनि देखिँदैन।[२४] तसर्थ अन्य एफएम रेडियोका अन्तर्संवाद कार्यक्रम पनि यसभन्दा धेरै भिन्न नभएको अनुमान गर्न सकिन्छ। सजिलै उपलब्ध, समाजमा चल्तापुर्जा मानिएका व्यक्तिलाई सहभागी गराउने परिपाटीले गर्दा यसमा जातीय तथा लैङ्गिक विविधता आउन नसकेको हो।

सुरुसुरुमा नयाँ प्रविधि भएकाले एफएम रेडियोप्रति आकर्षण धेरै नै थियो र स्रोतव्यक्तिहरू वार्ताका लागि स्टुडियोमा नै आउन रुचाउँथे। तर अचेल "फोनबाटै गरे हुन्न र ?" पनि भन्न थालेका छन्। फोनबाट भन्दा स्टुडियोमा नै स्रोतव्यक्ति उपस्थित हुँदा वार्ता जीवन्त हुने भएकाले प्रस्तोताहरू सकेसम्म स्टुडियोमा नै आउन कर गर्छन्। स्टुडियोको वार्ता बढी जीवन्त हुनेमा जिविस पूर्व उपसभापति श्रीनाथ बराल र तीर्थ श्रेष्ठको पनि सहमति देखिन्छ।[२५] यस सन्दर्भमा आनन्दराज मुल्मी भन्छन्– "आधा घण्टाको कार्यक्रममा चार पाँचजना बोलाउने हो भने म स्टुडियोमा जान्नँ। त्यस्तो अवस्थामा आफ्नो भागमा जम्मा तीन-चार मिनेट पर्छ। फोनबाटै वार्ता गर्छु। नत्र स्टुडियोमा नै जान रुचाउँछु।"[२६]

## *आर्थिक पक्ष*

पोखराका एफएम रेडियोका लगानीकर्तामध्ये अधिकांशको पृष्ठभूमि व्यापार व्यवसाय नै हो। हिमचुली एफएम भने विभिन्न पेशामा आवद्ध व्यक्तिहरूको सहकारी समूहको प्रयासमा सञ्चालन भएको हो। लेखबहादुर गुरुङ यस समूहका अगुवा हुन्।

---

[२४] *बिहानी चिन्तन*का गङ्गाधर पराजुली र *हिमचुली गेस्ट*का अनुराग अधिकारीले पनि आफ्नो कार्यक्रमका सहभागीको सूची *आजको बैठक*का सहभागीको यो सूची (हेर्नुहोस् अनुसूची ५) सँग केही हदसम्म मिल्दोजुल्दो हुने बताएका थिए।

[२५] श्रीनाथ बरालसँग २०६२ साउन २२ मा र तीर्थ श्रेष्ठसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित।

[२६] आनन्दराज मुल्मीसँग २०६१ चैत २४ मा गरिएको कुराकानीमा आधारित।

एफएम रेडियो सञ्चालनको यो नयाँ व्यवसायमा नाम, दाम र काम तीनै कुरा पाइने सम्भावना देखेर व्यापारीहरू यसमा लगानी गर्न होमिएका हुन् । नेपाली एफएम प्रसारणका प्रारम्भिक चरणताका काठमाडौँका एफएम रेडियोबाट प्रसारित कार्यक्रमको प्रकृति 'म पनि' को लक्षणबाट ग्रस्त भएको भनी सीके लालले टिप्पणी गरेका थिए । एउटाले अखबार पढ्ने कार्यक्रम सुरु गरे अर्कोले पनि त्यसै गर्ने, एउटाले गजलको कार्यक्रम चलाउन थाले अरूलाई पनि त्यस्तै गरिहाल्नु पर्ने प्रवृत्तिलाई उनले 'म पनि' को लक्षण भनेका हुन् (लाल २०५९: १११) । यो लक्षण पोखराका एफएम स्टेसनमा पनि लागू हुन्छ । यहाँका विभिन्न एफएम रेडियोले प्रसारण गर्ने प्रायजसो कार्यक्रमको प्रकृति र बनोट हेर्दा आपसमा मिल्दाजुल्दा देखिन्छन् । यस्ता अन्तर्संवादका कार्यक्रम सबै एफएम रेडियोमा भए पनि कार्यक्रमको उत्पादन र सञ्चालनका लागि खासै लगानी स्टेसनको तर्फबाट गरिएको पाइँदैन ।

स्टेसनका लागि खर्चका हिसाबले एक घण्टाको बहस कार्यक्रम र एक घण्टाको साङ्गीतिक कार्यक्रममा ठूलो अन्तर नहुने देखिन्छ । स्रोतव्यक्तिलाई कार्यक्रममा सहभागी भएबापत पारिश्रमिक नदिइने हुनाले यसमा हुने थप खर्च भनेकै टेलिफोन र चिया खर्च मात्रै हो । स्थानीय वक्तासँग टेलिफोन गरेको अवस्थामा यो खर्च कमै हुन्छ । तर काठमाडौँ या अन्य लामो दूरीको टेलिफोन भने केही खर्चिलो नै हुन जान्छ ।

छलफल गराउन खोजेको विषयका विभिन्न पक्षबारे प्रस्तोतालाई यथेष्ट पूर्व जानकारी हुन जरुरी हुन्छ । त्यसै गरी वक्ताका बारेमा पनि केही जानकारी जस्तैः उसको विषयसँगको सम्बन्ध, उसले त्यसबारे विगतमा बोलेका/लेखेका अभिव्यक्ति इत्यादि थाहा भए प्रस्तोताले अन्तर्संवाद कार्यक्रमलाई गहकिलो बनाउन सक्छ । प्रस्तोताले यस्ताखाले जानकारीहरू विभिन्न पत्रपत्रिका, पुस्तक, जर्नल इत्यादिबाट पाउन सक्छन् । तसर्थ स्टेसनमा यथासम्भव पुस्तक, विभिन्न जर्नल, पत्रपत्रिका, म्यागेजिन जस्ता सामग्रीको सङ्ग्रह आवश्यक हुन्छ । विभिन्न विषयअनुसारका 'न्यूज क्लिपिङ्स' प्रस्तोताका लागि अझ बढी उपयोगी हुन्छ । तर पुस्तकालय, 'न्यूज क्लिपिङ्स' जस्ता कुरामा लगानी गर्न कुनै पनि एफएम स्टेसनले चाहिरहेका छैनन् ।

स्टेसनमा समाचार र अन्य कार्यक्रम पनि चलाउने हुँदा मासिक रूपमा जागिरे सञ्चालकहरू भएकाले यसबापतको पारिश्रमिक पनि त्यसमै गाभिन्थ्यो । त्यसैले यस्ता कार्यक्रमको खर्च ठ्याक्कै भन्न सकिँदैन । यी कार्यक्रम कसैले प्रायोजन नगर्ने हुँदा स्टेसनको आफ्नै खर्चमा सञ्चालित थिए । सुरुआतताका पोखरा एफएममा यस्तो अन्तर्संवादको कार्यक्रम चलाउँदा गीति कार्यक्रम

सञ्चालन गरेसरह नै आफूले पारिश्रमिक पाएको वासुदेव मिश्रको भनाइ छ। मिश्रका अनुसार त्यति बेला एउटा कार्यक्रम सञ्चालन गरेको सामान्यतः एक सय रुपियाँ दिने गरिन्थ्यो।[२७] पोखरेली एफएम रेडियोको सन्दर्भमा आर्थिक अभावलाई उजागर गर्दै दिनेश बस्नेत (२०५९) लेख्छन्– "एकै प्रस्तोताले धेरै कार्यक्रम चलाउनुपर्ने र विज्ञापनमा समेत बोल्नुपर्ने बाध्यता छ। पारिश्रमिक भने मेहनत सुहाउँदो छैन, एउटा कार्यक्रम चलाएको एकदेखि दुई सयसम्म मात्र।" यी प्रसङ्गहरूबाट रेडियो स्टेसनले यस्ता अन्तर्क्रियात्मक कार्यक्रम आफ्नो स्टेसनमा होस् भन्ने चाहे पनि लगानी गर्न नचाहेको स्पष्ट हुन्छ।

## प्रभावकारिता

अन्तर्संवाद कार्यक्रमले स्थानीय समाजमा कस्तो र कति प्रभाव पारिरहेको छ भन्ने प्रश्न अत्यन्तै छोटो र सरल छ। तर यसको प्रभावकारिताको साँच्चिकै मापन गर्नु कठिन कार्य हो। देशमा सङ्कटकालीन अवस्था, प्रखर राजनेता वा राजपरिवारका सदस्यको देहावसान जस्ता प्रतिकूल परिस्थितिमा रेडियोले तनावपूर्ण स्थितिलाई मत्थर पार्न उल्लेख्य भूमिका खेल्न सक्ने विश्वास गरिन्छ। यस्तो अवस्थामा एकातिर फोन इन र अन्तर्संवाद कार्यक्रममार्फत मानिसहरू पीडा पोख्न सक्छन् भने अर्कातिर 'यो पीडा मलाई मात्र होइन, सबैलाई परेको छ' भनी आफैलाई सान्त्वना दिन सक्छन्।

बेलायतमा डायनाको मृत्युपछि त्यहाँका रेडियोले यस्तो कार्यक्रम गरेको क्यारोल फ्लेमिङ (सन् २०००: १५१) ले उल्लेख गरेका छन् (बर्नाड सन् २०००: १६४ पनि हेर्नुहोस्)। तर नेपालमा यस्तै असाधारण अवस्थामा रेडियो प्रसारणलाई राज्यस्तरबाट रोक लगाइने गरेको छ। २०५८ सालमा राजदरबार हत्याकाण्डको बेलामा रेडियो प्रसारणमा रोक लगाइयो। २०६१ माघ १९ पछि सङ्कटकालीन अवस्थामा पनि रेडियो स्टेसनहरूलाई यस्तो कार्यक्रम गर्न बर्जित गरिएको छ। तसर्थ रेडियो प्रसारणको अधिक महत्त्व हुने भनिएको असाधारण र असहज अवस्थामा स्थानीय रेडियोको प्रभावकारिता स्पष्टसँग बुझ्न पाइएको छैन।

## *श्रोता र संवाद*

पोखरामा यस्ता अन्तर्संवादका कार्यक्रमले अथवा सिङ्गै एफएम रेडियोले स्थानीयबासीको दैनिकी र अरू व्यवहार तथा धारणामा के कस्तो प्रभाव पारेको छ भन्ने खालको

---

[२७] वासुदेव मिश्रसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित।

अध्ययन भएको छैन । कुन कार्यक्रम कुन वर्ग, उमेर या शैक्षिक, आर्थिक पृष्ठभूमिका मानिसले बढी सुन्छन् भन्ने बलियो आधार पनि भेटिँदैन । यस्ता बहसमूलक कार्यक्रम पढेलेखेका र समाचार कार्यक्रमकै केही श्रोताले सुन्ने गरेको माछापुच्छ्रे एफएमका स्टेसन म्यानेजर सरोजगोपाल बज्राचार्य अनुमान गर्छन् ।[२८] आनन्दराज मुल्मीको अनुमान पनि लगभग यस्तै छ । उनी थप्छन्– "समाचारकै श्रोता यस्ता कार्यक्रमका पनि श्रोता हुन् । तर बिहान छ बजेदेखि लगातार सवा घण्टा समाचार सुनेर थाकेपछि यो कार्यक्रम आउने बेलासम्ममा धेरैको धैर्य घटिसकेको हुन्छ । त्यसैले सुन्ने मानिस कम हुन्छन् कि ?" आफू सहभागी भएको कार्यक्रमको प्रतिक्रिया व्यक्तिगत हिसाबले कत्तिको पाइन्छ भन्ने जिज्ञासामा उनले यस्तो उत्तर दिएका हुन् । उनका अनुसार त्यस्तो प्रतिक्रिया थोरै आउँछ ।[२९] तुलनात्मक रूपमा कार्यक्रम प्रस्तोतालाई फोनमार्फत यस्तो प्रतिक्रिया धेरै नै आउने रहेछ ।[३०]

प्याडी स्क्यानेलले स्टुडियो अन्तर्क्रिया कार्यक्रमको घटीमा पनि दुई तह हुने बताउँछन् । एउटा त बहसमा सहभागीहरूबीच हुने अन्तर्क्रियामार्फत हुने विचारको आदान-प्रदान भइहाल्यो । अर्को चाहिँ अन्तर्क्रियालाई आफ्नो सेटमार्फत सुन्ने श्रोताहरूको सहभागिता हो (स्क्यानेल सन् १९९१: १) । श्रोताहरूको सहभागिता एकपक्षीय हुन्छ । उनीहरू कार्यक्रम सुन्छन् मात्रै । यद्यपि अनौपचारिक भेटघाटमा श्रोताबाट स्रोतव्यक्ति र प्रस्तोताले केही प्रतिक्रिया भने अवश्य पाउँछन् ।

## *संवादले सिकायो*

पोखरेलीहरू यस्ता बहसका कार्यक्रमले समाजमा सकारात्मक नै प्रभाव पारेको बताउँछन् । पृथ्वीनारायण क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभागका प्रमुख विश्वकल्याण पराजुलीका विचारमा यस्ता अन्तर्संवाद कार्यक्रममार्फत विज्ञ, पीडित/प्रभावित तथा आधिकारिक व्यक्तिका विचार र योजना श्रोताले सुन्न पाएका छन् । यसले श्रोताको ज्ञान बढाएको छ, चेतनाको स्तर उकासेको छ ।[३१] खराब कार्य बढ्दै गएमा हुनसक्ने प्रतिकूल परिणामको अग्रिम जानकारी पाउँछन् सर्वसाधारणले । समस्या उब्जाउनमा उनीहरू पनि अज्ञानवश दोषी भएको खण्डमा भविष्यमा आफूलाई सुधार्न सक्छन् । लागु पदार्थ दुर्व्यसनी, एचआइभी

---

[२८] २०६१ चैत १८ मा गरिएको कुराकानीमा आधारित ।

[२९] आनन्दराज मुल्मीसँग २०६१ चैत २४ मा गरिएको कुराकानीमा आधारित ।

[३०] दीपेन्द्र श्रेष्ठसँग २०६१ चैत १४ मा, गङ्गाधर पराजुलीसँग २०६१ चैत १५ मा र अनुराग अधिकारीसँग २०६१ चैत २६ मा गरेको बेग्लाबेग्लै कुराकानीमा आधारित ।

[३१] विश्वकल्याण पराजुलीसँग २०६१ चैत ११ मा गरिएको कुराकानीमा आधारित ।

सङ्क्रमित, वैदेशिक रोजगारमा दुःख पाएका व्यक्ति आदि स्टुडियोमा आई आफ्ना अनुभवहरू सुनाउँदा नयाँ पुस्ताले कसरी आफू ती समस्याबाट बच्ने भनेर सिक्नसक्ने कुराहरू धेरै हुन्छन् ।

रेडियो अन्नपूर्णको बहसमूलक कार्यक्रम *आजको बैठक*ले समाजमा पारेको प्रभावबारे दिलबहादुर क्षेत्री लेख्छन्–

> बहस तथा प्रत्यक्ष सम्पर्कको आधारमा गरिने *आजको बैठक* कार्यक्रमले स्वास्थ्य क्षेत्रमा जस्तो समयसमयमा देखा पर्ने अनौठा रोगहरू र तिनीहरूबाट सुरक्षित रहन सकिने उपायहरूका बारेमा सम्बन्धित क्षेत्रका विज्ञ डाक्टरहरू तथा अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूसँग सम्पर्क गरी भलाकुसारी अर्थात् अन्तर्क्रियात्मक कार्यक्रम गरी प्रत्यक्ष प्रसारण गर्ने गरेको र मौसमअनुसार देखा पर्न सक्ने रोगहरू तथा तिनीहरूबाट सुरक्षित रहने उपायहरूबारे जानकारी समेत गराउँदै आएकाले पनि यस क्षेत्रका जनताहरू स्वास्थ्योपचार तथा स्वस्थ जीवन व्यतीत गर्नतर्फ सचेत हुन सहयोग पुगेको छ । सामाजिक तथा आर्थिक पक्षसँग सम्बन्धित बहस पनि *आजको बैठक*ले गरी जनतालाई सुसूचित गराउँदै आएको पाइन्छ (सन् २००३ः ६६-६७) ।

*आजको बैठक*ले समाचारकै परिपूरक कार्यक्रमको रूपमा मानिसहरूलाई उपयोगी जानकारी प्रवाह गरेको छ भन्ने आशय क्षेत्रीको देखिन्छ ।

यी अन्तर्संवाद कार्यक्रममार्फत सरोकारवाला सबै वा धेरै पक्ष एकै ठाउँमा आई आफ्ना कुरा राख्ने र अर्काको कुरा सुन्ने प्रक्रिया अर्को महत्त्वपूर्ण पक्ष हो । यसबाट हरेकका विचारको कदर हुनुका साथै विभिन्न मुद्दामा आफ्नो विचार राखी सहमति, विमति जनाउन सकिन्छ । पक्ष र विपक्ष एकै टेबुलमा आएपछि आपसी संवादको थालनी हुन्छ र विवादले निकास पाउने सम्भावना हुन्छ । सरोकारवालालाई समस्याको पहिचान र अनुभूति गर्ने अवसर दिन्छ । आफूले एक हिसाबले सोचेको कुरामा अरूको पनि दृष्टिकोण बुझ्न पाइने हुँदा आफ्नो तर्क माझिन सक्छ भन्ने धारणा जिविस कास्कीका पूर्व उपसभापति श्रीनाथ बराल राख्छन् । यसै सन्दर्भमा कवि तीर्थ श्रेष्ठ बहसपछि कहिले आफू अन्य सहभागीको तर्कमा सहमत भएको र कहिले आफूले अन्य सहभागीको धारणा परिवर्तन गरिदिएको अनुभव सुनाउँछन् ।[३२]

बद्रीविनोद प्रतीकका अनुसार यी कार्यक्रमले श्रोताका लागि प्रेरणादायी भूमिका खेलेका थिए । कार्यक्रममा निम्त्याइने प्रायः स्रोतव्यक्ति समाजमा कुनै न कुनै क्षेत्रमा प्रतिष्ठित नै हुन्थे । रेडियोमार्फत त्यस्ता व्यक्तिको विचार सुन्न

[३२] तीर्थ श्रेष्ठसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित ।

पाउँदा उनीहरू पनि समाजमा केही गरौँ भन्ने भावनाको विकास हुन्थ्यो भन्ने उनको धारणा छ । त्यसबाहेक वातावरण, शिक्षा जस्ता विषयमा सामाजिक चेतना उकास्न यी कार्यक्रमले निकै सघाउ पुर्‍याएको पनि उनी बताउँछन् ।[३३]

पोखरेली समाजमा व्यक्तिको सामाजिक पहिचान स्थापना गर्न र स्थानीय समस्याको पहिचान गरी निराकरणको सम्भावना देखाउन यी कार्यक्रमको उल्लेख्य भूमिका रहेको कवि तीर्थ श्रेष्ठ स्वीकार्छन् । समाजभित्रै आफ्नै छरछिमेकका व्यक्तिहरूबीच पनि आ-आफ्नो विशेषज्ञताबारे अनभिज्ञ भएको अवस्थामा यस्ता कार्यक्रमले त्यो अनभिज्ञता हटाउँदो रहेछ भन्ने उनको अभिप्राय हो ।[३४]

## *सामाजिक द्वन्द्वमा संवाद*

समाजमा आपसी असमझदारीले द्वन्द्वको सिर्जना हुन्छ र संवादको अभावले द्वन्द्व जटिल बन्छ । यस्तो परिस्थितिमा रेडियोका अन्तर्संवाद कार्यक्रमले सम्बन्धित पक्षबीचको आपसी दूरी घटाउन सघाउँछ । एफएम रेडियोले द्वन्द्व न्यूनीकरणमा खेल्न सक्ने भूमिका चर्चा गर्ने क्रममा पुष्प अधिकारी (२०५९खः २२) ले बहसमूलक कार्यक्रमको सन्दर्भ पनि उल्लेख गरेका छन् । उनी लेख्छन्–

> द्वन्द्व न्यूनीकरण गरी विकासका मुद्दाहरूतर्फ समझदारी कायम गराउन एफएम रेडियोले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन् । विकासका मुद्दाहरूमा एफएम रेडियोमार्फत गराइने बहस तथा छलफलले समस्या समाधानका लागि मार्ग प्रशस्त गर्नुका साथै समाजमा विद्यमान सञ्चारका अन्य उपायहरूको परिचालन गर्न मद्दत पुर्‍याउँछ ।

पोखरेली अन्तर्संवाद कार्यक्रमका प्रस्तोतासँग आफूले सञ्चालन गरेकामध्ये केही कार्यक्रमले प्रत्यक्ष प्रभाव पारेको केही प्रसङ्ग रहेछन् । यस सन्दर्भमा *आजको बैठक*का प्रस्तोता दीपेन्द्र श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय अस्पतालसँग सम्बन्धित एक घटनासम्बन्धी बहस सम्झन्छन् । २०६१ सालको असारतिर त्यस अस्पतालमा उपचार हुँदाहुँदै प्रसूतिसम्बन्धी विरामी सीता बरालको मृत्यु भएपछि मृतकपक्ष र डाक्टरहरूबीच विवाद बढेको थियो । डाक्टरहरूले हडताल पनि गरेका थिए । *आजको बैठक*मा दुवै पक्षबीच यस विषयमा छलफल भएपछि यसले निकास पायो र विवाद टुङ्गाइएको थियो । त्यस्तै, भैरवटोल निवासी कुनै एक किशोरीले बुवाआमाले आफ्नो विवाह गरिदिन लागेको जानकारी गराउँदै दीपेन्द्र श्रेष्ठलाई फोन गरिन् ।

---

[३३] बद्रीविनोद प्रतीकसँग २०६१ चैत २४ मा गरिएको कुराकानीमा आधारित ।

[३४] तीर्थ श्रेष्ठसँग २०६२ साउन २५ मा गरिएको कुराकानीमा आधारित ।

आफूलाई पहिले पढाइ सिध्याएर मात्रै विवाह गर्ने मन भएकाले छोराछोरीको विवाहमा आमाबाबुले हस्तक्षेप गर्न हुने/नहुनेबारे छलफल कार्यक्रम चलाइदिन उनले दीपेन्द्र श्रेष्ठलाई अनुरोध गरिन् । त्यस विषयमा कार्यक्रम पनि गरियो र उनका आमाबाबुले त्यो कार्यक्रम सुनेपछि उनको विवाह प्रसङ्ग तत्कालका लागि टर्‍यो । यो कुरा पनि उक्त किशोरीले श्रेष्ठलाई पछि फोनमार्फत बताएकी हुन् ।[३५]

पोखरा उपमहानगरपालिकाले नयाँ सडकको दायाँबायाँका रुखहरू काट्न लगाएपछि *पोखरा संवाद*मा यसबारे बहस गरियो । बहसमा रुख काट्न नहुने पक्षमा नै धेरै बलियोसँग कुरा उठेको थियो र त्यसपछि आफूहरूसँग तत्कालीन मेयर कृष्ण थापा रिसाएको पोखरा एफएमका अध्यक्ष प्रीतममान बुद्धाचार्यलाई सम्झना छ ।[३६] *बिहानी चिन्तन*मा भएको छलफलले यातायात व्यवसायीको विवाद सुल्झाउन सहज बनाइदिएको गङ्गाधर पराजुली दाबी गर्छन् ।[३७]

यसबाट के स्पष्ट हुन्छ भने समाजमा निरन्तर पैदा भइरहने द्वन्द्वलाई समाधान र न्यूनीकरण गर्न यस्ता अन्तर्संवाद कार्यक्रम निकै फलदायी हुन सक्छन् । द्वन्द्व के कारणले कुन विषयमा कसरी प्रारम्भ भएको हो ? भागीदारहरूको भोगाइ र अनुभव कस्तो छ र यसप्रति त्यस विषयका विज्ञ र जिम्मेवार निकायको दृष्टिकोण र योजना कस्तो छ भन्ने कुरा यी कार्यक्रममार्फत सार्वजनिक हुन सक्छ एकातिर भने अर्कातिर समाधानका उपायहरू वार्ताका क्रममा निस्कने सम्भावना पनि उत्तिकै हुन्छ । सामाजिक परिवर्तन र सुधारका लागि पारस्परिक सहयोग आवश्यक हुन्छ र आपसी छलफल यस्तो सहयोग जुटाउने चौतारी हो । यसो भनेर छलफल कार्यक्रम नै सर्वोपरि हो भन्न खोजिएको होइन तर यसलाई असल समाजका लागि आवश्यक सुधार र परिवर्तनको सम्भावित आधारभूमि हो भन्न हिच्किचाउनु पर्दैन ।

## *जबाफदेहिता*

स्थानीय व्यापारी, प्राध्यापक, शिक्षक, डाक्टर, वकिल, सरकारी कर्मचारी, राजनीतिकर्मी आदि रेडियो स्टेसनमा उपस्थित भई आफू र आफ्नो मातहतका संस्थाले गरेका काम कारवाही र गतिविधिलाई प्रस्टयाउने, बुझाउने गर्नाले जबाफदेही प्रणालीको विकासमा योगदान पुर्‍याएको छ (हेर्नुहोस् तस्बिर १०.१) । स्थानीय शासनलाई बढी उत्तरदायी, पारदर्शी, औचित्यपूर्ण र भ्रष्टाचाररहित बनाउन यी कार्यक्रम उपयोगी अस्त्र हुन सक्छन् ।

---

[३५] दीपेन्द्र श्रेष्ठसँग २०६१ चैत १४ मा गरिएको कुराकानीमा आधारित ।

[३६] प्रीतममान बुद्धाचार्यसँग २०६१ चैत २५ मा गरिएको कुराकानीमा आधारित ।

[३७] गङ्गाधर पराजुलीसँग २०६१ चैत १५ मा गरिएको कुराकानीमा आधारित ।

जनप्रतिनिधिलाई यस्ता कार्यक्रमहरू अझ बढी प्रभावकारी भएको धारणा राख्छन् पोखरा उपमहानगरपालिकाका पूर्वमेयर कृष्ण थापा र जिविस कास्कीका



तस्बिर १०.१: रेडियो अन्नपूर्णको *आजको बैठक*मा सहभागी विभिन्न क्षेत्रका प्रतिनिधिहरू (सौजन्य: रेडियो अन्नपूर्ण) ।

पूर्व उपसभापति श्रीनाथ बराल । यस्ता कार्यक्रममार्फत एकातिर आफ्ना कुरा भन्न र जनताका कुरा सुन्न पाइन्छ भने अर्कातिर कार्यक्रममा उठ्ने प्रश्नले जनप्रतिनिधिलाई उत्तरदायी र जबाफदेही हुन मद्दत गर्छ भन्ने उनीहरूको भनाइ हो ।[३८] श्रीनाथ बराल यसलाई प्रस्ट्याउँदै भन्छन्– “जनप्रतिनिधिका रूपमा आफूले गरेका काम कार्वाहीको जबाफ सार्वजनिक रूपमा दिनुपरेपछि यसले जिम्मेवारीको बोध अझ बढी गराइदिन्छ ।”

स्थानीय निकाय (गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास समिति) को निगरानी पनि यी कार्यक्रमले गर्न सकेका थिए । निर्वाचित प्रतिनिधि नभएको अहिलेको सन्दर्भमा यस्ता अन्तर्संवाद कार्यक्रमको भूमिका निश्चय नै बढी हुन्छ । स्थानीय निकायलाई पारदर्शी र जिम्मेवार बनाउनका लागि उपयुक्त माध्यम हुन् यी कार्यक्रमहरू ।

---

[३८] कृष्ण थापासँग २०६२ साउन २५ मा र श्रीनाथ बरालसँग २०६२ साउन २२ मा गरिएको कुराकानीमा आधारित ।

## *गर्न बाँकी धेरै छ*

यस्ता अन्तर्संवाद कार्यक्रमलाई सबैजसो पक्षले सकारात्मक उपलब्धिको रूपमा लिएको पाइन्छ। एफएम रेडियो मनोरञ्जनको मात्रै साधन होइन, ज्ञान र जानकारीको स्रोत पनि हो भन्ने मान्यता समाचारका साथसाथै यस्ता अन्तर्क्रियात्मक कार्यक्रमले स्थापना गर्दै थिए। यी कार्यक्रमहरू स्थानीय समस्यालाई उजागर गर्नमा अत्यन्तै उपयोगी भएको स्थानीय दैनिक *समाधान*का प्रधान सम्पादक नारायण कार्कीको ठहर छ। यद्यपि विगतको अभ्यासबाट सन्तोष मान्न नसकिने बेहोरा पनि सँगसँगै जोड्छन् उनी। कार्कीका अनुसार अन्तर्क्रियात्मक कार्यक्रम चलाउन धेरै मेहनत गर्नुपर्छ तर यहाँको अभ्यास त्यस्तो हुन सकेन। हुन पनि बहसको कार्यक्रमलाई प्रखर र बढीभन्दा बढी परिस्कृत बनाउन प्रस्तोताको तर्फबाट गर्नुपर्ने मेहनत कमी भएको अनुमान गर्न गाह्रो पर्दैन। यस कुरालाई स्वयं प्रस्तोता पनि स्वीकार्छन्। यद्यपि समाचारकै क्षेत्रमा संलग्न भएकाले कार्यक्रम चलाउन सहज भएको उनीहरूको अनुभव छ। साथै बहसको विषयसम्बन्धी बढी जानकारी लिन सम्भव भएसम्म पुराना पत्रपत्रिका र अन्य प्रकाशित सामग्री हेर्ने गरेको पनि उनीहरू बताउँछन्।[३९]

आफू सहभागी भएको कार्यक्रममा सञ्चालकले जे सोधिदिएको भए बढी राम्रोसँग भन्थेँ भन्ने लागेको थियो, त्यो विषयतिर प्रवेश नै नगरिदिएको अनुभव छ पत्रकार बद्रीविनोद प्रतीकसँग। रेडियोका अन्तर्संवाद कार्यक्रम खँदिलो र ओजपूर्ण कमै हुने गरेको आनन्दराज मुल्मीको पनि भनाइ छ। वार्ता सतही जस्तो लाग्ने अवस्था बरोबर देखा पर्ने उनी बताउँछन्। यद्यपि यस्ता कार्यक्रमले पोखरेली समाजमा सकारात्मक प्रभाव नै पारेको उनीहरू दुवैजना स्वीकार्छन्।[४०]

प्रजातान्त्रिक पद्धतिका लागि समाजका हरेक क्षेत्रमा यस्ता अन्तर्क्रिया आवश्यक हुन्छन्। जर्मन चिन्तक युर्गेन हावरमासका अनुसार अठारौँ शताब्दीको युरोपमा चिया र कफी पसलमा हुने विविधखाले छलफलले तत्कालीन समाजमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। यस्ता छलफलले सरकारी नीतिनियमलाई समेत प्रभावित पार्दथे। छलफलको यो माहोललाई उनले सार्वजनिक डबली (पब्लिक स्फेयर) भन्ने नाम दिएका छन्। अहिलेको नयाँ परिवेशमा मिडिया नै

---

[३९] रामकृष्ण ज्ञवाली, अनुराग अधिकारी, दीपेन्द्र श्रेष्ठ र गङ्गाधर पराजुलीसँगको बेग्लाबेग्लै कुराकानीमा आधारित।

[४०] आनन्दराज मुल्मीसँग २०६१ चैत २४ मा र बद्रीविनोद प्रतीकसँग २०६१ साउन २४ मा गरिएको बेग्लाबेग्लै कुराकानीमा आधारित।

सार्वजनिक डबली बनेका छन् भन्ने उनको तर्क छ (कुरान सन् २०००: १३५ मा उद्धृत) । समाजमा प्रजातान्त्रिक पद्धतिको सबलीकरण प्रक्रियामा मिडियाले मद्दत पुऱ्याउँछन् भन्ने धारणा पनि यसै तर्कसँग जोडिएर आएको हो । यद्यपि मिडियाको संरचनागत विभिन्न कमजोरीले गर्दा यसको निगरानी गर्ने र प्रजातान्त्रिक पद्धतिलाई चिरस्थायी गर्ने काम खण्डित हुन्छ भन्ने तर्क पनि उठिरहेको छ । हाम्रै सन्दर्भमा पनि नेपाली मिडियाको स्वामित्व, पत्रकारको योग्यता, सञ्चारकर्मीको लैङ्गिक र जातीय प्रतिनिधित्व जस्ता संरचनागत कमजोरीले यो आफै नै प्रजातान्त्रिक बन्न सकेको छैन र यस्तो अवस्थामा यसको कार्यदक्षता सङ्कुचित हुन्छ भन्ने तर्क प्रत्यूष वन्त (सन् २००४: ५९०) ले गरेका छन् । पोखरेली रेडियो पनि यस्तो संरचनागत कमजोरीबाट अछूतो छैनन् । स्थानीय व्यापारीको स्वामित्वमा सञ्चालित यी एफएम रेडियोको व्यापारिक स्वार्थ हुनु अनौठो भएन । त्यसले कार्यक्रममा पनि प्रभाव पारेको छ । स्टेसनले मालिकहरूको सामाजिक प्रतिष्ठा बढाउन त सक्यो तर त्यस सँगसँगै बढ्ने सामाजिक जिम्मेवारी भने ओझेलमा परेको हो कि जस्तो देखिन्छ ।

पोखरा सानो ठाउँ भएकाले एकले अर्कालाई चिन्ने सम्भावना धेरै हुन्छ र आपसमा किन विवाद गरी चिढाउने भन्ने मानसिकताले गर्दा अन्तर्संवाद कार्यक्रमको प्रभावकारितालाई खुम्च्याइदिएको छ । काठमाडौँमुखी प्रवृत्तिले स्थानीय सवाल ओझेलमा पर्नु पनि स्वाभाविकै हो । त्यसबाहेक कार्यक्रमका लागि आवश्यक लगानीमा स्टेसनको उदासीनताले पनि गुणस्तरलाई हुर्कन अवरोध निश्चय नै गरेको छ ।

## निष्कर्ष

स्वतन्त्र एफएम रेडियो अभ्यासका विगत चार वर्षमा अन्तर्संवाद कार्यक्रमले पोखरेली समाजमा आफ्नो चिनारी स्थापना गरिसकेका छन् । स्थानीय समस्यालाई समाधान नै गर्न नसके पनि समस्याको पहिचान गर्न र त्यसको निराकरणतर्फ उन्मुख हुन यी अन्तर्संवाद कार्यक्रम उत्प्रेरक बनेका छन् । श्रोताहरूलाई जानकारी र ज्ञानको प्रभावकारी वितरण पनि यी कार्यक्रममार्फत सम्भव भएको छ । त्यसैले ज्ञान र सूचना साट्ने साझा चौतारी बन्ने क्रममा यी कार्यक्रम छन् भन्दा अर्घेलो हुँदैन । एकातिर व्यक्तिको विचारलाई परिस्कार गर्न धेरथोर योगदान यी कार्यक्रमले गर्न सकेका छन् भने अर्कातिर स्थानीय निकायमा हुने गरेका ढिलासुस्ती, अनियमितताका विषयमा बहस चलाएर निगरानी गरेका छन् । झन् स्थानीय निकायमा निर्वाचित प्रतिनिधि नभएको अहिलेको सन्दर्भमा

ती निकायलाई पारदर्शी र जबाफदेही बनाउन यस्ता अन्तर्संवाद कार्यक्रमको भूमिका निश्चय नै बढी हुन्छ ।

एफएम रेडियो र यस्ता अन्तर्क्रियात्मक कार्यक्रम दुवै नयाँ हुन् पोखरेली परिवेशमा । छापाको इतिहास तुलनात्मक हिसाबले केही लामो नै भए पनि यस्तो खालका बहसको अभ्यास छापामा गर्न सहज छैन । व्यक्तिहरूसँग गर्न सकिने सरल अन्तर्वार्ता शैली पनि स्थानीय छापाले नसमेटेको अवस्थामा एफएम रेडियोका यी कार्यक्रममार्फत हुने बहसले नयाँपनको आभास दियो पोखरेली समाजमा । यस्तो परिवेशमा मध्यम गुणस्तरकै भए पनि यी कार्यक्रम केही प्रभावकारी बन्न सकेका हुन् ।

विगतमा देखिएका अभ्यासबाट मात्रै सन्तोष मानेर बस्ने अवस्था पटक्कै छैन । गर्दै र सिक्दै प्रसारण कौशल र दक्षता हासिल गर्दै अघि बढेका प्रस्तोता सामु कार्यक्रमलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउने भन्ने चुनौती छ । पछिल्लो समयमा अभ्यासमा रहेका सबै स्टेसनका अन्तर्संवाद कार्यक्रमको फर्म्याट उस्तै छ । वास्तवमै यस्तो कार्यक्रमको खाँचो महसुस गरिएको हो वा एक अर्काको सिको गर्दै कार्यक्रम सञ्चालन गरिएको हो भन्ने अस्पष्टता पनि छँदैछ । स्वाभाविक रूपमा यी कार्यक्रमलाई खँदिलो र अझ व्यापक बनाइनु पर्छ र बनाउन सकिन्छ पनि । एउटै व्यक्ति सर्वेसर्वा भएको र ऊ पनि व्यस्त भएको विगतको अभ्यासमा सुधार गरिनु जरुरी देखिन्छ । यस तथ्यलाई स्टेसनले बेवास्ता गर्न मिल्दैन । बढी काठमाडौँमुखी, सतहमा आएका र खास गरी अधिक राजनीतिक विषयलाई समेट्ने गरेको र सहज उपलब्ध स्रोतव्यक्तिलाई नै निम्त्याउने गरेको भन्ने आरोपलाई पनि मनन गर्नै पर्छ र भविष्यमा यसलाई सुधार्ने प्रयास गर्नै पर्छ । प्रस्तोताले दौडधूप र हतारैहतारका बीचमा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्दा त्यसको गुणस्तर साँगुरिन्छ । अन्य साङ्गीतिक कार्यक्रम र अन्तर्क्रियात्मक कार्यक्रमलाई लगानीका हिसाबले एउटै आँखाले हेर्न मिल्दैन । जातीय उपेक्षा र लैङ्गिक विभेदका समस्या नेपाली समाजका गम्भीर समस्या हुन् । यी विषयलाई समेट्ने र कार्यक्रममा स्रोतव्यक्तिका रूपमा पनि महिला तथा स्थानीय अन्य जातजातिको प्रतिनिधित्व बढाउन सके यसको प्रभावकारिता बढ्ने थियो ।

अहिलेसम्मको अभ्यास हेर्ने हो भने रेडियो कार्यक्रमका विभिन्न अवतारहरूमध्ये अन्तर्संवादका कार्यक्रमलाई एउटा प्रकारको रूपमा स्वीकारेको र कार्यक्रममा विविधता ल्याउनकै लागि भए पनि यस्ता कार्यक्रमलाई स्टेसनले समावेश गरेको देखिन्छ । तर यसका कारण हुन सक्ने आर्थिक भार भने बहन गर्न नपरोस् भन्ने आशय पनि साथसाथै देखिन्छ । अहिलेको अभ्यासको पद्धति हेर्दा कम आर्थिक

लगानीमा व्यस्तताका बीचमा 'यसलाई पनि भ्याइदिउँ न त' भन्ने अवस्था, सीके लाल (२०५९) ले 'म पनिको लक्षण' भने झैँ 'अरू स्टेसनमा यस्तो कार्यक्रम छ र हाम्रोमा पनि चाहिन्छ' भन्ने रहरको सेरोफेरोमा यी कार्यक्रमहरू अघि बढिरहेका छन् । आपसमा प्रतिस्पर्धा भए पनि मध्यम गुणस्तरभन्दा माथिल्लो स्थानमा कोही नभएकाले प्रतिस्पर्धाको स्तर लचिलो छ। यी सबै चीजले कार्यक्रमको गुणस्तर र अन्ततोगत्वा त्यसको प्रभावकारितालाई सीमित बनाएका छन् । एफएम स्टेसनहरूले आफ्नो सामाजिक दायित्व पनि रहेको दावी बरोबर गरेको पाइन्छ । त्यस दावीलाई व्यवहारतः सही सावित गर्ने हो भने पनि यस्ता कार्यक्रमलाई लगानीको प्राथमिकतामा राखिनु पर्छ । निः सन्देह स्वतन्त्र रेडियोका लागि वर्तमान अवस्था सहज छैन । यस्तो परिस्थितिमा एफएम रेडियोमाथिको थप लगानी सुरक्षित नदेखिनु स्वाभाविकै हो । तर यस्तो जटिल परिस्थिति सधैं रहँदैन भन्ने सङ्केत पनि देखिन थालेका छन् । आसा गरौँ, पोखरेली एफएम रेडियोका अन्तर्संवाद कार्यक्रम सार्वजनिक डबलीका सुन्दर प्रतिरूप बन्नेछन् ।

## अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | अनुराग अधिकारी | कार्यक्रम प्रस्तोता, हिमचुली एफएम |
| २. | आनन्दराज मुल्मी | पूर्व अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ |
| ३. | कृष्ण थापा | पूर्व मेयर, पोखरा उपमहानगरपालिका |
| ४. | कृष्णप्रसाद बास्तोला | सम्पादक, *आदर्श समाज* दैनिक |
| ५. | गङ्गाधर पराजुली | कार्यक्रम प्रस्तोता, माछापुच्छ्रे एफएम |
| ६. | तीर्थ श्रेष्ठ | कवि |
| ७. | दिलिप राई | स्टेसन म्यानेजर, हिमचुली एफएम |
| ८. | दीपेन्द्र श्रेष्ठ | स्टेसन इन्चार्ज र कार्यक्रम प्रस्तोता, रेडियो अन्नपूर्ण |
| ९. | देव क्षेत्री | प्रबन्ध निर्देशक, माछापुच्छ्रे एफएम |
| १०. | नारायण कार्की | प्रधान सम्पादक, *समाधान* दैनिक |
| ११. | पुण्य पौडेल | सम्पादक, *पोखरापत्र* दैनिक |
| १२. | प्रीतममान बुद्धाचार्य | प्रमुख, पोखरा एफएम |
| १३. | बद्रीविनोद प्रतीक | सम्पादक, *हिमदूत* साप्ताहिक |
| १४. | भोजराज न्यौपाने | पूर्व कार्यक्रम प्रस्तोता, पोखरा एफएम |
| १५. | रामकृष्ण ज्ञवाली | कार्यक्रम प्रस्तोता, पोखरा एफएम |
| १६. | वर्षाकेशव पराजुली | पूर्व कार्यक्रम संयोजक, हिमचुली एफएम |
| १७. | वासुदेव मिश्र | पूर्व कार्यक्रम प्रस्तोता, पोखरा एफएम |
| १८. | विश्वकल्याण पराजुली | प्रमुख, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वी नारायण क्याम्पस |
| १९. | श्रीनाथ बराल | पूर्व उपसभापति, जिविस, कास्की |
| २०. | सरोजगोपाल वज्राचार्य | स्टेसन म्यानेजर, माछापुच्छ्रे एफएम |
| २१. | सुदर्शन रञ्जित | श्रोता |